Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

**मिति : २०७७ बैशाख ३०**

## बन्दाबन्दीको समयावधिमा २३१ जना महिला तथा बालिकामाथि हिंसा

### पृष्ठभुमि

बन्दाबन्दीको समयमा[१] २४ वटा जिल्लाहरुमा[२] २३१ जना महिला तथा बालिकामाथि विभिन्न प्रकारको हिंसा भएको पाईएको छ । यस हप्तामा मात्र ५५ वटा महिला तथा बालिकामाथि भएको हिंसाका घटना अभिलेखिकरण भएको छ ।

महिला पुनर्स्थापना केन्द्र (ओरेक) द्वारा सञ्चालन गरिएको ३ वटा हटलाईन, मनोविमर्शकर्ता, महिला मानव अधिकार रक्षक, साझेदार महिला सामुदायीक संघसंसस्थाहरुबाट, यी घटनाहरु अभिलेखिकरण गरिएको छ । यी मध्ये १७ वटा घटनाहरु सञ्चार माध्यमबाट संकलन गरिएका छन् ।

यस अवधिमा अभिलेखिकरण भएका घटनाहरुमध्ये १३३ वटा घरेलु हिंसा, २१ वटा सामाजिक हिसा, ३४ वटा बलात्कार, ७ वटा बलात्कारको प्रयास, १० वटा यौन दुर्व्यवहार, २ वटा हत्या, २ वटा हत्या वा आत्महत्या अनुसन्धानको क्रममा रहेको, १४ वटा आत्महत्या, २ वटा आत्महत्याको प्रयास, २ वटा हत्याको प्रयासका घटना र ४ वटा साइवर अपराधसँग सम्बन्धीत रहेका छन् । घटनामा संलग्न पीडकहरुमा १०५ जना श्रीमान्, ४५ जना परिवारका सदस्यहरु, ४६ जना छिमेकी, १२ जना प्रमी ठानिएका व्यक्ति, ५ जना साथी, ४ जना घरमालिक रहेका छन् भने २५ जना पीडकको पहिचान खुल्न बाँकि रहेको छ ।

यस अवधिमा संकलन भएका ३४ वटा बलात्कारका घटनाहरु मध्ये २ वटा सामुहिक बलात्कार र १ वटा बैवाहिक बलात्कारको घटना रहेको छ । बलात्कारका घटना भने १ वटा श्रीमानबाट, २४ वटा छिमेकीबाट, २ वटा बुवावाट, १ वटा आफ्नै दाजुबाट, १ वटा परिवारका सदस्यवाट र ३ वटा घटना पहिचान नखुलेको व्यक्तिबाट भएको पाईएको छ भने २ वटा सामुहिक बलात्कारका घटनामा २ जना प्रेमी ठानिएका व्यक्ति र ११ जना उनका साथीहरु संलग्न रहेको पाइएको छ ।

सबैभन्दा बढी ७७ जना महिलाहरु १७ देखि २५ बर्ष उमेर समूहका हिंसाबाट प्रभावित भएको पाईएको छ । यस्तैगरी २६ देखि ३५ वर्ष उमेर समूहका ६२ जना, ३६ देखि ४५ बर्ष उमेर समूहका ३३ जना, ४६ बर्षभन्दा माथिका उमेर समूहका २० जना महिलाहरु विभिन्न प्रकारका हिंसाबाट प्रभावित रहेका छन् । १६ बर्षभन्दा कम उमेरका ३२ जना बालिकाहरु हिंसाबाट प्रभावित भएका छन् भने उमेर समूह थाहा नभएका ७ जना हिंसाबाट प्रभावित भएका छन् ।

संस्थामा अभिलेखिकरण भएका घटनाहरुमध्ये १०२ जना प्रहरीमा उजुरी दर्ताका लागि गएको, ३० जना मेलमिलाप समितीमा गएको, ३० जना हिंसा सहन नसकेर आमाबुवाको घर/ आफन्तकोमा गएर बसिरहेका र ६९ जना प्रभावितले कुनै पनि निकायमा सहयोगका लागि हाल उजुरी गरिनसकेको र वातावरण सहज भएपछि सम्बन्धीत निकायमा जाने बताएका छन्

[१] बन्दाबन्दी शुरु भएदेखि (मिति २०७६ चैत्र ११ देखि २०७७ बैशाख २७ गतेसम्म)

[२] धनुषाबाट २४, मोरङ्गबाट ३५, रुकुमबाट ९, कैलालीबाट ३१, कञ्चनपुरबाट १, दाङ्गबाट १७, काठमाण्डौंबाट ७, भक्तपुरबाट १, बर्दियाबाट ८, सिरहाबाट ४२, सप्तरीबाट १, सर्लाहीबाट १, उदयपुरबाट १९, सुनसरीबाट १४, बाँकेबाट २, स्याङ्जाबाट २, बाग्लुङ्गबाट १, महोत्तरी ८, रौतहट ३, र पर्साबाट १, तेह्थुमबाट १, ओखलढुंगाबाट १, गुल्मीबाट १, सिन्धुलीबाट १ लगायतका जिल्लाबाट अभिलेखिकरण भएका हुन् ।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

।

**सुझावहरु**

१. प्रत्येक स्थानीय तहमा हिंसा विरुद्ध उजुरी गर्न प्रोत्साहन गर्ने र हिंसामुक्त जीवन बाँच्न पाउने संवैधानिक अधिकार सुनिश्चितताका लागि हिंसा प्रभावित वा कुनै पनि प्रकारको अप्ठ्यारोमा परेका महिलालाई तत्काल उजुरी दिने र आवश्यक सम्बोधनका लागि हटलाईनको व्यवस्था गर्नुपर्ने । उजुरी गर्नका लागि सहज वातावरणको सिर्जना गर्नुका साथै आवश्यकता अनुरुप सुरक्षाआवास, मनोपरामर्श, स्वास्थ्य तथा कानुनी सहयोग सेवालाई संक्रमणको सुरक्षा अपनाई निरन्तरता दिनुपर्ने ।

२. सबै स्वास्थ्य संस्थाहरुमा गर्भवती र सुत्केरी महिलाहरुका लागि आवश्यक पर्ने सेवाहरु र बच्चाको अनिवार्य खोप सेवालाई नियमित सुचारु गर्नुपर्ने । बर्थिंग सेन्टर, प्राथमिक स्वास्थ्य चौकी, अस्पताललाई नियमित सेवा प्रदान गर्नका आवश्यक सुरक्षा सामाग्रिहरु प्रदान गर्नुपर्ने । साथै परिवार नियोजनका साधनहरुको उचित व्यवस्थापन र समुदायमा यसको पहुँच हुने वातावरण तयार गर्नुपर्ने ।

३. केहि स्थानीय पालिकाहरुले क्वारेन्टाईनमा मनोपरामर्श सेवा सुचारु गरेका छन् । विश्व स्वास्थ्य संगठनले समेत प्रत्येक क्वारेन्टाईनमा मनोपरामर्श सेवा अनिवार्य हुनुपर्ने जनाएको छ यसर्थ प्रत्येक क्वारेन्टाईनमा मनोविमर्शकर्ताको व्यवस्था गर्नुपर्ने र बढी प्रभावित क्षेत्रहरुमा अनिवार्य रुपमा मनोपरामर्श सेवा प्रवाह गर्नुपर्ने ।

४. महिला तथा वालिकाहरुमाथि क्वारेन्टाइन स्थलमा हुनसक्ने संभावित हिंसा तथा जोखिमलाई मध्यनजर गर्दै महिला तथा वालिकाहरुका लागि छुट्टै क्वारेन्टाइन स्थलको व्यवस्था गर्नुपर्ने । महिला तथा बालिकाहरु राखिएको क्वारेन्टाइनमा अनिवार्य रुपमा महिला सुरक्षाकर्मीको व्यवस्था, महिलाका लागि आवश्यक सेनिटरी प्याड लगायत अन्य सामाग्रीको अनिवार्य व्यवस्था, सानो बच्चाहरुसमेत रहेका क्वारेन्टाइनमा बच्चाका लागि आवश्यक पौष्टिक आहार र खेल सामाग्रीको व्यवस्था गर्नुपर्ने ।

*हिंसा प्रभावितका लागि सुरक्षित आवास सेवा प्रदान गर्दै आएको, यस संस्था ओरेकले, यस महामारीको अवस्थामा हिंसामा परेका र उजुरी गर्न चाहने व्यक्तिका लागि व्यक्तिगत सुरक्षाका उपायसहित हाल ६ वटा जिल्लाहरुमा (मोरगं, उदयपुर, धनुषा, कैलाली, दागं, र काठमाण्डौं) स्थानीय तहसँगको समन्वयमा, सुरक्षा आवासको सेवा प्रदान गरिरहेको छ ।*

*संस्थासँग आबद्ध मनोविमर्शकर्ताले फोन र सामाजिक दुरी कायम गरी व्यक्तिगत भेटघाटका माध्यमबाट कोभिड-१९ को त्रासका कारण उत्पन्न मनोसामाजिक समस्याबाट प्रभावित २३८ र २२४ हिंसा प्रभावित/ प्रभावितको परिवारका सदस्य गरी जम्मा ४६२ जनालाई यस अवधिमा मनोसामाजिक परामर्श प्रदान गरिएको छ ।*

धन्यवाद ।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

लुभराज न्यौपाने
कार्यकारी निर्देशक

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org